UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Composition, Translation and Comprehension **May/June 2011**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

*4565464323*

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **6** printed pages and **2** blank pages.

DC (SJF/DJ) 33460/5
© UCLES 2011

UNIVERSITY *of* CAMBRIDGE
International Examinations

**[Turn over**

https://xtremepape.rs/

BLANK PAGE



https://xtremepape.rs/

## Section A – Composition

**1** Write in **Nepali** two compositions of about 150 words each. You may choose any two subjects from the following:

**(a)** के विदेशमा रहेका धनी नेपालीहरुले आफ्नो देशको आर्थिक विकासलाई सहयोग पुऱ्याउनु पर्छ ? आफ्नो विचार लेख्नुहोस् ।

Should the rich Nepalese people who live abroad contribute to the economic growth of Nepal? Give your opinion.

**(b)** एउटा यस्तो स्थितिको कल्पना गर्नुहोस् जहाँ तपाईं यात्रामा हुनुहुन्छ र त्यस यात्रामा कुनै समस्या उत्पन्न भएको हुन्छ । ती घटनाक्रमहरुको बर्णन गर्दै यात्रा कसरी सम्पन्न हुन्छ, सबिस्तार बर्णन गर्नुहोस् ।

Imagine a situation where you were on a journey and something went wrong. Explain the sequence of events and how the journey ended.

**(c)** फुटबल र क्रिकेटमा कुन बढी लोकप्रिय छ भन्ने विषयमा दुई जना साथीहरुको बीचमा विवाद भइरहेको छ । त्यसलाई एउटा संवादको रुपमा प्रस्तुत गर्नुहोस् ।

There is a debate going on between two friends about whether football or cricket is more popular. Present this in the form of a dialogue.

**(d)** तपाईंको बाआमालाई आफ्नो पढाइको निम्ति एउटा कम्प्युटर किन चाहियो भन्ने वारेमा एउटा पत्र लेख्नुहोस् ताकि वहाँहरुले तपाईंको कुरामा विश्वास गरुन् ।

Write a letter to convince your parents that you need a computer for your studies.

**(e)** एक जना लखपति मानिसले आफू कसरी गरिबीबाट माथि उठें भन्ने कुरा बताउँछ । यस वारेमा एउटा कथा लेख्नुहोस् ।

A self-made millionaire explains how he rose from poverty. Tell the story.

[25 x 2]

© UCLES 2011



https://xtremepape.rs/

## Section B – Translation

**2** Translate into **English**:

बोलाउँदा मायाले मेरा बुवाआमा साथीभाइहरुले मलाई "निरु" भन्छन् । तर मेरो खास नाम हो - निर्मल । मैले मेरो नाम निर्मल हो भनेर विद्यालयमा भर्ना भएपछि मात्र थाहा पाएको हुँ । नाम त थाहा पाएँ । तर निर्मल भनेको के रहेछ? यो म जान्न चाहन्थें । यसको अर्थ स्वच्छ र सफा हो भन्ने थाहा पाएपछि म ज्यादै खुशी भएँ । मैले एउटा मान्छेलाई राम्ररी चिनेको छु जसको नाम हो वीर बहादुर तर ऊ जस्तो डराउने मेरो गाउँमा कोही पनि छैन । त्यस्तै एक काले नामक केटो छ जो ज्यादै गोरो छ र उता सेते भन्ने चाहिँ कालो छ । नाम धने भएपनि मेरो एउटा छिमेकी असाध्यै गरीब छ ।

यी सबै उदाहरण लिँदा थाहा हुन्छ- सबैको नाम अनुसार काम हुन्छ भन्ने छैन । तर म आफ्नो नाम मात्र नभइ चरित्र समेत निर्मल बनाउने छु । म कसैको बोलीमा मात्र होइन हृदयमै निर्मल भएर बस्न सकुँ र मेरो आफ्नो नामको सही अर्थ दिन सकुँ ।

[10]



https://xtremepape.rs/

**3** Translate into **Nepali**:

Solukhumbu is situated near Mount Everest to the northeast of Nepal. We had decided to walk from Kathmandu to Solukhumbu, but we had had no experience of walking in the hills, and we did not know what to expect. However, we were young and we were sure that we would be able to manage it.

On the first day, some American friends took us part of the way in their jeep. We said goodbye to them, crossed the bridge over the Sunkoshi river and began to walk up. For six hours, we climbed the steep path. By evening, we had reached the village of Mure. It began to snow and the temperature fell to zero. 'Now what shall we do?' we thought. In the village there was a tea shop, and there a man told us that we could stay in his house overnight. We gratefully accepted his offer. The house was very small, and the man said he and his wife would go to stay with his neighbours, leaving his children with us.

We were amazed. The trust and hospitality of the Nepalese villager is something we have never forgotten.

[20]

© UCLES 2011

[Turn over

https://xtremepape.rs/

## Section C – Comprehension

Do **not** translate the passage below. Read it carefully and then answer in **Nepali** the questions that follow.

नेपालको पश्चिमतिर पर्ने मुगु जिल्लाको रारा ताल वरिपरि विभिन्न किसिमका चरा-चुरुङ्गी र माछाहरु पाइन्थे । त्यस ताल वरिपरि धेरै जातका जलचर प्राणी (पानीमा बस्ने) थलचर (जमिनमा बस्ने) जनावरहरु पाइने हुनाले पनि ताल निकै प्रसिद्ध थियो । त्यहाँका जलचर र थलचर जनावरहरुमा घनिष्ठ मित्रता थियो । उनीहरु आपसमा सल्लाह छलफल गर्थे, रमाइला कुराकानी गर्थे र कुनै सङ्कट आइपऱ्यो भने सबै मिलेर समाधान गर्थे ।

त्यसै तालको नजिक संकट र विकट नामका दुई हाँस पनि थिए । उनीहरु अत्यन्त सहयोगी थिए । कम्बुग्रीव नामको कछुवा पनि त्यहीं बस्दथ्यो । ऊ हाँसहरुलाई अति नै मनपराउँथ्यो । एकदिनको कुरा हो । केही माझीहरु तालको बाटो हुँदै कतै जाँदै थिए । उनीहरुले तालमा आनन्दसंग खेलिरहेका माछा र कछुवाहरुलाई देखे । हृष्टपुष्ट र मोटाघाटा माछा अनि कछुवा देखेर माझीहरुको मुख रसायो । उनीहरुले भोलि बिहानै आएर माछा र कछुवाको सिकार गर्ने निर्णय गरेर त्यहाँबाट प्रस्थान गरे ।

छेउमा बसेर माझीका कुरा सुनिरहेका हाँसले विचार गरे, 'हामी त माझीहरुको आक्रमणबाट बाँचौंला तर माछा र कछुवाले के गर्लान् ? होइन, गएर यथार्थ कुरा बताइदिनु पर्छ । सङ्कटको सङ्केत पाएर पनि मित्रहरुको सहयोग नगर्नु महापाप, अधर्म हो । यसरी सङ्कट र विकटले सबै जलचरहरुको बैठक बोलाए र माझीहरुको आक्रमणबाट कसरी बच्ने भन्ने विषयमा गहन विचार विमर्श गरे । कछुवाले आफ्नो राय प्रकट गऱ्यो, 'माझी हाम्रा जन्मजात शत्रु हुन्, हामीलाई भेटे भने आफ्नो आहारा बनाइ छाड्छन् , त्यसैले यो ठाउँ छोडेर अन्यत्र कतै जानु नै हाम्रा लागि हितकर हुनेछ, मलाई त अहिले डर लागिरहेको छ ।'

कछुवाका यस्ता डरपोक कुरा सुनेर जेठा माछाले भन्यो, 'हेर भाइ काल नआइ कोही मरिन्न, यदि हाम्रो भाग्यमा मर्न लेखेको छ भने हामी जहाँ गए पनि जीवित रहन्नौं क्यारे, यदि हाम्रो काल नै आएको छैन भने स्वयम् यमराज आए पनि केही लछारपाटो लाउन सक्दैनन् । फेरि ती माझीहरुको के टुङ्गो, भोलि आउँछन् वा आउँदैनन् ? वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ भने झैं यसरी बेफ्वाँकमा डराउनु उपयुक्त हुँदैन । सबैको राय सुनेर कछुवाको कुरामा सहमति जनाउँदै हाँसले भन्यो, "हाम्रो धर्म सचेत गराउनु हो, त्यो हामीले गऱ्यौं, सूचना दिनु हो, त्यो हामीले दियौं, अब के गर्नुपर्छ, त्यो तिमीहरुले नै जान्ने कुरा हो ।"

यति भनेर हाँसहरु आफ्नो बाटो लागे । कछुवा आफ्नो ज्यान बचाउन दुला भित्र गयो । माछाहरु भने जे पर्ला सो टर्ला भनेझैं गरी त्यहीं बसे । भोलिपल्ट जब उज्यालो भयो, माझीहरु काँधमा जाल बोकेर तालमा आए र तालमा जाल फ्याँके । माझीहरुले कैयौं माछाहरुलाई जालमा पारे । माझीका जालमा फँसेका माछाहरु छटपटाइरहे, आँखाबाट आँसु झार्दै साथीहरुले दिएको सल्लाह नमानेकोमा पछुताए, रोए, कराए, तर उपाय भने केही थिएन, समय धेरै बितिसकेको थियो ।

© UCLES 2011

https://xtremepape.rs/

Now answer the following questions in **Nepali**, using your own words as far as possible.

4 रारा ताल कहाँ छ ? यो कसरी प्रख्यात हुन पुग्यो ? [2]

5 त्यहाँ रहेका सबै प्राणीहरुमा राम्रो सम्बन्ध थियो भन्ने कुरा कसरी थाहा पाउन सकिन्छ ? [2]

6 माझीहरु रारा तालप्रति किन आकर्षित भए र उनीहरुले त्यसको लागि के योजना बनाए ? [2]

7 हाँस सबै जलचरहरुको बैठक बोलाएर के गर्न चाहन्थे ? [2]

8 कछुवा किन डरायो र यसमा उसको के राय थियो ? [3]

9 माछाले किन कछुवाको कुरा मानेन ? [2]

10 यस कथाको अन्त्यमा हाँस, कछुवा या माछाको विचारमध्ये कसको विचार मिल्छ र किन ? [2]

Language and spelling [5]

**Total Marks [20]**



https://xtremepape.rs/

BLANK PAGE

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.

© UCLES 2011 

https://xtremepape.rs/